## न्यायाधीश मीरा खड्काद्वारा जारी प्रेश विज्ञप्ति

विगत केही दिनयता विभिन्न अनलाईन समाचारहरुमा मेरो जन्ममिति सम्बन्धमा भ्रमपूर्ण समाचारहरु सम्प्रेषित भएको कुरामा मेरो ध्यानाकर्षण भएको छ। यसबाट अनावश्यक रुपमा जनमानसमा भ्रम श्रृजना हुन सक्ने देखिएकोले सत्य तथ्य प्रष्ट पार्दै यो विज्ञप्ती जारी गरेको छु ।

एस.एल.सी. लगायतका मेरा सम्पूर्ण शैक्षिक तहका प्रमाणपत्रहरुमा मेरो जन्म मिति वि.सं. २०१४-०२-०२ भन्ने नै उल्लेख भएको छ । शाखा अधिकृत पदमा न्याय सेवामा प्रवेश गरेपछि २०३९ सालमा मैले भरेको निजामति कर्मचारीको नोकरी तथा वैयक्तिक विवरण (सिटरोल) फारममा पनि मेरो जन्म मिति २०१४-०२-०२ नै उल्लेख गरेको छु । न्यायाधीशको हैसियतले २०६१ र २०७१ सालमा भरिएको वैयक्तिक विवरण फारममा पनि मेरो जन्म मिति २०१४-०२-०२ भन्ने नै उल्लेख गरिएको छ। न्याय परिषदद्वारा २०५८ मा प्रकाशित वुलेटिनको पहिलो अंकदेखि नै मेरो जन्म मिति २०१४-०२-०२ भनी उल्लेख भएका छन् ।

विं.सं २०३३-१०-२८ मा जिल्ला प्रशासन कार्यालय ललितपुरवाट मैले लिएको ९४५०३३\०३४ नंवरको एक मात्र नागरिकता प्रमाणपत्रमा मेरो उमेर १९ वर्ष जनाइएको छ । सो बाहेक मैले कुनै नागरिकता प्रमाणपत्र वा प्रतिलिपी लिएको छैन। मैले २०४०-०६-१२ मै प्राप्त गरेको कर्मचारी सञ्चयकोष परिचयपत्र, २०५२-११-१७ मा प्राप्त गरेको नागरिक लगानी कोषको परिचयपत्र र २०६८-०७-२४ मा प्यान नम्वरहरुको प्रमाणपत्र लगायत जन्म मिति खुलाईने सम्पूर्ण आधिकारिक लिखतहरुमा मेरो जन्म मिति २०१४-०२-०२ भन्ने नै उल्लेख गरिएको छ।

पुरा जन्म मिति खुलेको शैक्षिक प्रमाणपत्रहरु र वैयक्तिक विवरण फारमकै आधारमा न्याय परिषदले मेरो जन्म मितिको आधिकारिक र अद्यावधिक अभिलेख खडा गरी राखेको हुनु स्वभाविक छ। वीचका केही वर्षमा न्याय परिषद वुलेटिन प्रकाशित हुँदा त्रुटिवश मेरो जन्म मिति २०१३-१०-२८ उल्लेख हुन गएको भएतापनि परिषद आफैले सो त्रुटी सच्याई २०७१ सालदेखि हाल २०७८ साल पौष ३ गते सम्म प्रकाशित न्याय परिषद वुलेटिनहरुमा पनि मेरो वास्तविक जन्म मिति २०१४-०२-०२ भनी उल्लेख गरिएकोले मेरो जन्म मितिको सम्वन्धमा कुनै प्रकारको संशय वा भ्रम रहनु पर्ने कारण छैन।

न्याय परिषदले प्रकाशित गरेको कुनै प्रकाशनमा त्रुटिवश कुनै न्यायाधीशको वैयक्तिक विवरण केही सामान्य फरक लेखिन गएका कुरालाई लिएर न्यायाधीशको वैयक्तिक चरित्रमा प्रश्न उठाईनु उचित होइन । न्याय परिषदद्वारा राखिएको शैक्षिक प्रमाणपत्रहरु समेतका अभिलेखमा मेरो जन्म मितिको पूर्ण र यथार्थ बिवरण नै उल्लेख भएका छ। मैले जन्म मिति सच्याउनु पर्ने कुनै कारण छैन र सच्याएको पनि छैन। तसर्थ मेरो जन्म मिति फरक फरक रहेको भनी निराधार शंका गरी प्रकाशन गरिएको समाचार भ्रामक, असत्य र व्यक्तिगत पूर्वाग्रहपूर्ण छ भन्ने तथ्य प्रष्ट पार्न चाहन्छु।

मिति: २०७८।९।९।६

मीरा खड्का

न्यायाधीश, सर्वोच्च अदालत